


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५


❑ वर्ष २२ ❑ अङ्क १९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन १२ गते मंगलबार ❑ 27 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पुम्दीकोटको भौतिक पूर्वाधार निर्माणमा प्रदेश सरकारले सहयोग गर्छ: मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ साउन**

पोखरा २२ स्थित पुम्दी भुम्दीको पुम्दीकोटमा निर्माण हुदै गरेको बिशाल महादेवको मुर्ति निर्माण सहितको अन्य भौतिक संरचना निर्माणमा गण्डकी प्रदेश सरकारले पुनः थप सहयोग गर्ने भएको छ।

पुम्दीकोट कोट विकास समितिले सोमबार पुम्दीकोटमा गण्डकी प्रदेशका मुख्यमन्त्री सहितका मन्त्रीहरुलाई स्वागत तथा सम्मान गर्न आयोजित कार्यक्रममा बोल्दै प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेलले पुम्दीकोट प्रदेशकै पर्यटकीय एवं धार्मिक क्षेत्रको समेत नयाँ गन्तव्य भएकोले त्यसमा आवश्य पुर्वाधार निर्माणमा प्रदेश सरकारले सहयोग गर्ने बताएका हुन् । उनले भने "शिलन्यासको अवसरमा एक पटक पुम्दीकोट आउने मौका मिलेको थियौं, मैले सोचे भन्दा धेरै राम्रो बिशाल महादेवको मुर्ति स्थापना भएको छ, पर्यटकहरु पनि आउन थालेकाले हामी निकै प्रभावित भएका छौं ।" विकासको लागि सरकार एउटा सहजकर्ता भएको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले प्रदेशको विकासको एउटा आधार धार्मिक पर्यटन समेत भएको दाबी गरे । प्रदेशको बजेटसंगै थप बजेट आवश्यक परेमा संघिय सरकारसंगको समन्वयमा केही रकम निकासा गर्न पहल गर्ने मुख्यमन्त्री पोखरेलले बताए।



प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पुम्दीकोटको बृहत विकाससँगै पुम्दी भुम्दीको सडक निर्माणमा करिब ५५ करोड लगानी आवश्यक भएको बताए। सवैको साथ र सहयोगले अर्थ मन्त्री भएकोमा सवै प्रति आभार व्यक्त गर्दै मन्त्री बरालले आफु स्थानिय भएको नाताले पनि बिशाल महादेवको मुर्ति सहितको थप भौतिक पूर्वाधार निर्माणमा पहल गर्न मुख्यमन्त्री सहितका अन्य मन्त्री समक्ष आग्रह गरे।

पुम्दीकोट कोट विकास समिति एवं बिशाल महादेव मुर्ति निर्माण समितिका अध्यक्ष उद्योगपति चन्द्रकान्त बरालले उक्त परियोजनामा हाल करिब २५ करोड लगानी भएको बताए। उनका अनुसार समितिसंग हाल ४ करोड ऋण भएको समेत जनाए। करिब ४५ करोडको परियोजना सम्पन्न गर्न पुनः सवैको साथ र सहयोग आवश्यक भएको अध्यक्ष बरालले बताए । मनोरेल सहितको ग्रिनरी पार्क, पार्किङ, तार वार, रेलिङ, स्मृति पार्क लगायतका भौतिक संरचना निर्माण गर्ने समितिले लक्ष्य राखेको छ। रातको समयमा ताण्डव नृत्य प्रर्दशन गरी एक रात पर्यटकलाईं पुम्दीकोटमै बसाल्ने अभियानमा रहेको उपाध्यक्ष हिमलाल बरालले बताए । पुम्दीकोटमा हाल सयौंको सङ्ख्यामा पर्यटकहरु आउन थालेको स्थानिय प्रकाश बरालले बताए । कार्यक्रममा सरकारका प्रवक्ता एवं भौतिक पुर्वाधार मन्त्री कुमार खड्का, मन्त्री बिन्दु कुमार थापा लगायतका मन्त्री एवं सांसदहरुको सहभागिता रहेको थियो । उहाँहरुको कार्यकालको सफलताको कामना गर्दै समितिले मुख्यमन्त्री, मन्त्री एवं सांसदहरुलाई सम्मान गरिएको थियो।

## उपेन्द्र यादव पक्षलाई जसपाको आधिकारिकता

**रासस**
**काठमाडौं, ११ साउन**



निर्वाचन आयोगले जनता समाजवादी पार्टी नेपाल (जसपा) को अध्यक्ष उपेन्द्र यादव पक्षलाई आधिकारिकता दिएको छ । आयोगले जसपाका कार्यकारिणी समितिका सदस्यको सोमबार लिएको सनाखतअनुरुप यादव पक्षको बहुमत रहेकाले सोही पक्षलाई दलको आधिकारिकताको फैसला सुनाएको हो।

जसपाको ५१ सदस्यीय कार्यकारिणी समितिका सदस्यमध्ये यादवको पक्षमा ३४ र अर्का अध्यक्ष महन्थ ठाकुरको पक्षमा १६ सदस्यले हस्ताक्षर गरेका थिए । एक सदस्य तटस्थ रहनुभएको छ । जसपाको विवाद निरुपणका लागि आयोगले सोमबार पार्टीका सबै कार्यकारिणी सदस्यलाई आयोगमा बोलाएर सनाखत गराएको थियो। जसपाको आधिकारिकताबारे निर्णय लिन आयोगले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको नेतृत्वमा पाँच सदस्यीय इजलास गठन गरेको थियो । उक्त इजलासले यही साउन ३ देखि ६ गतेसम्म कानूनी बहस सकेर आज आयोगमा कागजातसहित उपस्थित हुन कार्यकारिणी समितिका सम्पूर्ण सदस्यलाई आग्रह गरेको थियो।

आयोगको निर्णयपछि जसपाको अर्को पक्षलाई नयाँ दल दर्ताका लागि बाटो खुलेको छ। एक वर्षअघि पार्टी एकीकरण भएको जसपा सत्ता समीकरणको विषयलाई लिएर अध्यक्ष यादव र अर्का अध्यक्ष ठाकुर पक्षबीच विवाद देखिएको थियो। जसपाको संघीय संसद्को दुवै सदनमा सांसदको संख्या ३५ छ। संघीय सांसद ३२ र राष्ट्रियसभामा तीन सांसद रहेका छन्। २०७७ असार २४ गते निर्वाचन आयोगमा दर्ता भएको जसपामा पछिल्लो समय आधिकारिकताको विषयलाई लिएर अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादव पक्षबीच विवाद छ । जसपाको आधिकारिकता विवाद समाधान गर्न आयोगले प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाको नेतृत्वमा पाँच सदस्यीय इजलास गठन गरेको छ। सो इजलासले केन्द्रीय कार्यकारिणी सदस्य स्वयं उपस्थित भई सनाखत गर्नुपर्ने देखिएको भन्दै साउन ११ गते बिहान ११ बजे आयोगमा उपस्थित हुन यही साउन ७ गते आदेश दिएको थियो।

त्यसविरुद्ध ठाकुरले निर्वाचन आयोग र अर्का अध्यक्ष यादवलाई विपक्षी बनाएर यही साउन ८ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सो रिटमा अन्तरिम आदेश दिन सर्वोच्चले अस्वीकार गरेको छ। सर्वोच्चले साउन १५ गते विपक्षीलाई छलफलका लागि बोलाउन आइतबार आदेश दिएको थियो।

## पोखरा दम्सादीको पहिरो नियन्त्रणमा आवश्यक पहल गर्छु: अर्थ मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ साउन**

पोखरा २१ मा पर्ने दम्सादीको ६५ घर परिवारको बस्ती सहितको झोलुङ्गे पुल पहिरोको उच्च जोखिममा परेकोले त्यसको रोकथामको लागि आवश्यक पहल गर्ने गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले बताए छन्।

दम्सादीको दुई ठाँउमा गएको पहिरोको सोमबार स्थलगत रुपमा अवलोकन गर्दै मन्त्री बरालले तत्कालको लागि पहिरो रोक्न के गर्न सकिन्छ त्यसको आधारमा सम्बन्धित निकायसंगको सहकार्यमा पहिरो रोकथाममा आवश्यक भूमिका खेल्ने बताएका हुन्।

प्राविधिकको राय सल्लाह अनुसार पहिरो नियन्त्रणमा लाग्नु पर्ने बताएका मन्त्री बरालले बस्ती संरक्षणको नाममा करोडौं लगानी गर्नु भन्दा बस्तीलाई उचित ढंगले व्यबस्थापन गर्न सकिन्छ की त्यस तर्फ पनि सोच्नुपर्ने अबस्था आएको जनाए । पोखरा १७ र पोखरा २१ जोड्ने झोलुङ्गे पुल भएको स्थल भन्दा करिब एक सय मिटर टाडाको दुरीमा ठुलो पहिरो गएको छ भने दुई ठुला पहिरो करिब एक सय मिटरको दुरीमा गएको स्थानिय नवराज आचार्यले बताए। स्थानिय टंकराज आचार्यले गत असारमा पहिलो साता गएको पहिरोको कारण गाउँ बस्ती नै जोखिममा भएको बताए। रातको समयमा समेत सुत्न पुल र गाउँ बस्तीलाई पहिरोको जोखिमबाट बचाउन माग गरे। गत बर्ष देखि हल्का पहिरो जान थालेकोले समयमै पहिरो नियन्त्रण हुन नसक्दा यस बर्ष ठुलो पहिरो जादा बस्ती नै जोखिममा परेको स्थानिय श्रीराम सुवेदीले गुनासो गरे।

## पोखराको पहिलो आकाशे पुल सञ्चालनमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ साउन**

पर्यटकीय नगरी पोखराको मुख्य ठाउँ सिर्जनाचोकमा यात्रु आवतजावत गर्ने आकाशे पुल सञ्चालनमा आएको छ । बढ्दो जनसङ्ख्या र सवारीसाधनको चापलाई दृष्ट्रिगत गर्दै पोखरा महानगरपालिकाले यात्रुलाई बाटो काट्न सहज होस् भन्ने उद्देश्यका साथ आकाशे पुल निर्माण गरेको हो।



कास्की क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य स्वर्गीय पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले पूर्वाधार विकास कार्यक्रममार्फत रु ५० लाख विनियोजन गरेसँगै सिर्जनाचोकमा आकाशे पुल निर्माणकार्य शुरु गरिएको थियो । महानगरपालिकाको रु दुई करोड १५ लाखको लागतमा स्टिल ट्रस पेडेस्ट्रेन ओभरहेड ब्रिज निर्माण सम्पन्न भएर सञ्चालनमा आएको इञ्जिनीयर राजु रेग्मीले जानकारी दिनुभयो।

गण्डकी प्रदेशको राजधानी पोखरामा निर्माण गरी सञ्चालनमा आएको सो आकाशे पुल पहिलो भएको जनाउँदै उहाँले भन्नुभयो, "पुलको रङरोगन र सिसाको छानो राख्नेबाहेक सम्पूर्ण निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको हो।"

इञ्जिनीयर रेग्मीका अनुसार एक ठाउँबाट आकाशे पुलमा चढेपछि चारैतर्फबाट ओर्लन मिल्छ । आकासे पुलका लागि जमीनमुनि सिमेन्ट र जमीनमाथिका सबै संरचना निर्माणमा स्टिल प्रयोग गरिएको छ । महानगरसँग २०७६ जेठ ५ गते आकाशे पुल निर्माणको लागि केएम जेबिएनएस पोखरा जेबीसँग सम्झौता भएको उक्त पुलको निर्माणकार्य २०७७ साउनसम्म सम्पन्न गर्ने लक्ष्य रहेको थियो । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस सङ्क्रमणका कारण निर्माणकार्य ढिला भई एक वर्षपछि सम्पन्न भएको हो।

पोखरा-८ का वडाध्यक्ष रुद्रनाथ बरालका अनुसार सबैको चासो र चर्चामा रहेको उक्त आकाशे पुलमा दिनभरी पैदलयात्रु एवं साँझपख सर्वसाधारणको घुइँचो नै लाग्ने गरेको छ। पोखरा-बगलुङ सडकको प्रवेशद्वारका रुपमा रहेको उक्त आकाशे पुलमा विशेष गरी साँझपख दृष्यावलोकन एवं सेल्फि खिच्नेको भिड देखिने गरेको उहाँको भनाइ छ।

उक्त पुलमा यतिखेर नेपालकै पर्यटकीय राजधानी पोखराका मुख्य बजारका चोकमा दिनानुदिन जनसङ्ख्यासँगै सवारीसाधनको चापका कारण व्यस्त पृथ्वीचोक, महेन्द्रपुल, विरौटाचोक, राष्ट्बैंकचोक, अमर सिहंचोक, सभागृहचोकलगायतका विभिन्न स्थानमा आकाशे पुल निर्माण गर्नुपर्ने आवश्यकता महसुस गर्न थालिएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी निरीक्षक अम्रित बस्नेतका अनुसार पोखराका मुख्यचोकमा आकाशे पुल निर्माणले सवारी दुर्घटनामा केही हदसम्म भए पनि कमी हुने विश्वास व्यक्त गर्नुभयो।



# नैतिक शिक्षा लागु गर्न माग

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ११ साउन**



स्याङ्जामा नैतिक शिक्षा लागु गर्न आग्रह गर्दै ज्ञापन पत्र बुझाइएको छ। विश्व हिन्दू युवा संघ स्याङ्जाले जिल्लाका ११ वटै स्थानीयतहलाई नैतिक शिक्षा लागु गर्न ज्ञापनपत्र बुझाएको हो। नैतिक शिक्षा नहुँदा समाज नकरात्मक बाटोमा प्रवेश गरेको निर्क्योल निकाल्दै विश्व हिन्दु युवा संघ स्याङ्जाले यो अभियान शुरु गरेको हो।

अहिले सम्म युवा संघले जिल्लाका ५ वटा स्थानीयतहलाई ज्ञापनपत्र बुझाइसकेको जनाएको छ। संघका अध्यक्ष नवराज पौडेलले वालिङ, गल्याङ, पुतलीबजार र भीरकोट नगरपालिका साथै अर्जुनचौपारी गाँउपालिकामा नैतिक शिक्षा लागु गर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाएको बताए। सबै स्थानीयतहका प्रमुखहरु यो बिषयमा सकरात्मक देखिएको अध्यक्ष पौडेलले बताए।

नैतिक शिक्षाको विद्यालय तहमा आवश्यकता भन्ने बिषयमा संघले यसभन्दा अगाडी जिल्लाका राजनीतिकदल, जनप्रतिनिधि, सरोकारवाला निकाय सगँ अन्तरक्रिया सम्पन्न गरेपछि हरेक पालिकालाई नैतिक शिक्षा लागु गर्न माग गरेको हो। पूर्विय दर्शन हराउदै पश्चिमा दर्शनको सुरुवातले नेपाली समाज नकरात्मक बाटोमा हिडेको बताउदै अध्यक्ष पौडेलले पुर्विय दर्शनको आधारमा शिक्षा, अर्थ र राजनीति लागु हुनुपर्ने माग उठाएको बताए।

सकरात्मक सोचको विकासका लागि नैतिक शिक्षा अपरिहार्य भएको विश्व हिन्दु युवा संघको ठहर छ। संघले भीरकोट नगरपालिकाका प्रमुखलाई नैतिक शिक्षा लागु गर्न माग गर्दै ज्ञापन पत्र बुझाएको हो। नगर प्रमुख छायाराम खनालले नैतिक शिक्षा यसै शैक्षिक सत्र बाट लागु गराउने प्रतिवद्धता जनाएका छन्। संघले राम्रो बिषयको उठान गरेको भन्दै नगर प्रमुख खनालले शिक्षा शाखालाई यो शैक्षिकसत्रबाट लागू गराउन निर्देशन दिए। नैतिकतामा बाडिएको समाजलाई तोडमोड गरि पछिल्लो समयको समाजमानै नैतिकताको खडेरी परेको नगर प्रमुख खनालको भनाई थियो। हरेक पालिकाले भन्दा पनि नेपाल सरकारले नैतिक शिक्षा लागु गर्ने अभियान शुरु गर्नुपर्ने सुझाव खनालले दिए। ज्ञापनपत्र बुझाउन विश्व हिन्दू युवा संघ स्याङ्जाका जिल्ला अध्यक्ष नवराज पौडेल, उपाध्यक्ष विष्णु माया काफ्ले, माहासंघ भीरकोट कोषाध्यक्ष रामकृष्ण अर्याल लगायतको सहभागिता रहेको थियो। संघले थालेको यो अभियानको स्थानीयले खुलेर प्रशंसा गरेका छन्।

# भैँसी खरीदमा १७ लाख अनुदान

**–कृष्ण दवाडी**
**पोखरा, ११ साउन (रासस)**

पोखरा महानगरपालिकाले किसानलाई भैँसी खरीद गर्न अनुदान दिएको छ। दूधमा महानगरलाई आत्मनिर्भर बनाउँदै किसानको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यसहित महानगरको भैँसी प्रवर्द्धन कार्यक्रम अन्तर्गत आइतबार १० भन्दा बढी भैँसी पाल्ने ५० किसानलाई अनुदान रकम हस्तान्तरण गरिएको हो।

गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले किसानलाई अनुदान रकम हस्तान्तरण गर्नुभएको थियो। किसानसँगको ५० प्रतिशत लागत साझेदारीमा जनही रु ३४ हजार १२० का दरले ५० किसानलाई रु १७ लाख छ हजार वितरण गरिएको महानगर पशु महाशाखा प्रमुख नवराज अधिकारीले जानकारी दिनुभयो।

महानगरको किसान वर्गीकरणमा समावेश भएर हालसम्म अनुदान नपाएका र व्यावसायिक उन्मुख किसानलाई सो अनुदान रकम प्रदान गरिएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो,"महानगरलाई दूध उत्पादनमा आत्मनिर्भर बनाउने योजना अनुसार भैँसी खरीदमा अनुदान उपलब्ध गराइएको हो। यसबाट किसानलाई व्यावसायिक बन्न उत्प्रेरित गर्ने विश्वास लिएका छौँ।"

अरुणोदय दुग्ध उत्पादक तथा नश्ल सुधार सहकारी संस्थाको समन्वयमा किसानले भैँसी खरीद गरेको बिलका आधारमा अनुदान उपलब्ध गराइएको महानगरले जनाएको छ। महानगरले पशुपालक किसानलाई सात वर्गमा वर्गिकरण गरेर परिचयपत्र वितरण गरिसकेको छ। प्रदेश सरकारले १५० भन्दा बढी गाईभैँसी पाल्ने र रु एक करोड भन्दा बढी लगानी गरेका किसानलाई विशिष्ट किसान, ६१ देखि १५० वटासम्म गाईभैँसी पाल्ने र रु एक करोडसम्म लगानी गर्ने किसानलाई उद्यमी किसानमा वर्गिकृत गरिएको छ। यसैगरी ३० देखि ६० वटासम्म गाईभैँसी पाल्ने र रु ५० लाख भन्दा बढी लगानी गर्ने किसानलाई व्यावसायिक किसान, १० देखि ३० वटासम्म गाईभैँसी र रु ५० लाखसम्म लगानी गर्ने किसानलाई व्यवसाय उन्मुख किसान, पाँचदेखि नौ वटासम्म गाईभैँसी र रु १० लाखसम्म लगानी गर्ने किसानलाई साना व्यवसायी किसान भनेर वर्गिकरण गरेको छ।

कार्यक्रममा अर्थमन्त्री बरालले अनुदान वितरण कार्यक्रमप्रति आम किसानको सधैँ गुनासो रहँदै आएको भन्दै वास्तविक किसानले अनुदान पाउने व्यवस्था गर्नुपर्ने बताउनुभयो। उहाँले उत्पादनमा आधारित अनुदान कार्यक्रम प्रभावकारी र पारदर्शी हुनेसमेत उल्लेख गर्नुभयो।

महानगरका कार्यबाहक प्रमुख मञ्जुदेवी गुरुङले दूध, तरकारी, माछा र मासुमा पोखरालाई आत्मनिर्भर बनाउन निर्वाहमुखी नभइ व्यावसायिक कृषि गर्न आवश्यक बताउनुभयो।

# थप तीन हजार ४२१ जनामा कोरोना संक्रमण, २४ जनाको मृत्यु

**रासस**
**काठमाडौं, ११ साउन**

पछिल्लो समय कोरोना भाइरस संक्रमण दर बढ्दो क्रममा रहेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केही दिनयता कोरोना भाइरस संक्रमण दर बढ्दो क्रममा रहेको पाइएको जनाएको छ।

मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा नेपालमा तीन हजार ४२१ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। यो संख्या आइतबारभन्दा एक हजार १८४ ले बढी हो। आइतबार मुलुकभर दुई हजार २३७ संक्रमित देखिएका थिए। सोमबार १७ हजार २७२ जनाको नमूना परीक्षण गर्दा तीन हजार ४२१ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ। योसँगै मुलुकमा कोरोना भाइरस संक्रमितको संख्या सात लाख ३८ हजार ९१८ पुगेको छ। नेपालमा कोरोना भाइरस संक्रमण दर १९.२ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा थप एक हजार ६८६ जना संक्रमणमुक्त भएका छन्। योसँगै नेपालमा हालसम्म संक्रमणमुक्त हुनेको संख्या छ लाख ४५ हजार ३०१ पुगेको छ। नेपाल संक्रमणमुक्त हुने दर ९४.५ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। यसैगरी पछिल्लो २४ घण्टामा नेपालमा कोरोना भाइरस संक्रमणबाट थप २५ जनाको मृत्यु भएको छ। योसँगै नेपालमा कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या नौ हजार ७३८ पुगेको छ। नेपालमा कोरोना भाइरस संक्रमणबाट मृत्यु हुने दर १.४३ प्रतिशत रहेको छ।

मुलुकमा ५०० भन्दा बढी संक्रमित हुने जिल्ला ११ पुगेका छन्। मन्त्रालयका अनुसार ती जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौँ, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, नवलपरासी (पूर्व), कास्की र रुपन्देही छन्। यस्तै २०० भन्दा बढी संक्रमित हुने जिल्ला २२ पुगेका छन्। संक्रमितमध्ये ६६९ जना सघन उपचार कक्ष र १६६ जना भेन्टिलेटरमा छन्। होम आइसोलेशनमा २५ हजार ९३ र संस्थागत आइसोलेशनमा दुई हजार ८१५ जना रहेका छन्।




# करको दायरा बढाउनुपर्नेमा जोड: मन्त्री खड्का

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ साउन**

गण्डकी प्रदेशका भौतिक पूर्वाधार, शहरी विकास तथा यातायातमन्त्री कुमार खड्काले करको दरभन्दा दायरा बढाएर काम गर्न आवश्यक रहेको बताएका छन्। मन्त्रालयको वार्षिक प्रगति समीक्षा कार्यक्रममा आइतबार उनले कर्मचारीलाई करको दायरा बढाउन र दायित्व हस्तान्तरण गर्नुभन्दा निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको हो। आगामी बजेट दोब्बर बनाउन केन्द्र सरकारसँग पहल गरिने पनि मन्त्री खड्काले बताएका थिए। कार्यक्रममा मन्त्रालय मातहतका एघारै जिल्लाका कार्यलय प्रमुखहरूले वार्षिक प्रगति समीक्षा प्रस्तुत गरेका थिए। उनीहरूले कार्यक्रम सम्पन्न गर्न आइपरेका कठिनाइ र चुनौतिबारे पनि जानकारी गराएका थिए।

समीक्षामा प्रदेशसभा सदस्यहरू ओमकला गौतम, ललितकला गुरुङसहित नीति तथा योजना आयोगका पदाधिकारी, मन्त्रालयका सचिव, कार्यालय प्रमुखको उपस्थिति थियो।

# सेती नदीको खोँचमा युवतीको शव

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ साउन**

पोखरा महानगरपालिका-१५ अमिनतरास्थित सेतीनदीको खोँचमा एक युवतीको शव भेटिएको छ। प्रदेश प्रहरी कार्यालय गण्डकीका अनुसार नदी किनारास्थित ढुङ्गाको खोचमा नामथर वतन नखुलेको अन्दाजी २५ /३० वर्षीया युवतीको शव भेटिएको हो।

उक्त स्थानमा विशेषज्ञसहितको प्रहरी टोलीले खोचबाट शव निकाली परीक्षणका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पठाएको र घटनाबारे थप अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ।

# भेटियो ओढारमा २२ नाल भरुवा बन्दुक

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ साउन**

बागलुङमा लुकाइराखेको अवस्थामा प्रहरीले २२ नाल भरुवा बन्दुक फेला पारेको छ।

आइतबार दिउँसो प्रहरीचौकी बुङ्गादोभान बागलुङबाट खटिएको प्रहरीको गस्ती टोलीले २२ नाल भरुवा बन्दुक फेला पारेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जानकारी दिनुभयो।

जिल्लाको तमानखोला गाउँपालिका-४ लाममेलास्थित घट्टेखोला नजिकै रहेको ओढारमा एकनाले भरुवा बन्दुक १२ थान र तमानखोला-३ मार्के खोलाको ओढारमा एकनाले १० थान बन्दुक फेला परेको हवारीले जानकारी दिनुभयो।

प्रहरीले भरुवा बन्दुकसहित स्थानीयवासीलाई विभिन्न समयमा पक्राउ गर्दै आएपछि स्थानीयवासीले डराएर ओढारमा लगेर भरुवा बन्दुक लुकाउन थालेको प्रहरीको भनाइ छ। "बागलुङको पश्चिम क्षेत्रमा भरुवा बन्दुक लुकाउने र शिकार खेल्ने परिपाटी रहेछ, हामी निस्तेज पार्ने अभियानमा छौँ", प्रनाउ हवारीले भन्नुभयो, "प्रहरीले भरुवा बन्दुक पक्राउमा सक्रियता देखाएपछि आफू फस्ने डरले केहीले ओढारमा त केहीले जङ्गलमा लुकाउन थालेका हुन्।" ओढारमा भरुवा बन्दुक लुकाइछिपाई राख्नेका बारेमा थप अनुसन्धान र खोजतलास भइरहेको प्रहरीको भनाइ छ।

**कोभिड–१९ को संक्रमण फैलन नदिन सम्पूर्ण उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलहरुले बस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरण लगायतका कार्यहरु गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको कोभिड–१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocal) अनिवार्य पालन गरौं।**


**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु।
- जर्ज वार्बर

## सम्पादकीय

# तेस्रो लहरको सामना गर्ने तयारी थाल

कोरोना भाइरस (कोभिड-१९) संक्रमण विस्तारै उकालोतिर लागेको छ। कोरोनाको दोस्रो लहर आउनु अघि गरेको प्रक्षेपण भन्दा बढी संक्रमित भएका थिए। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले असोजमा संक्रमण दर बढ्न सक्ने भनी सचेत पार्दै आएको छ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड र निषेधाज्ञा जारी रहँदा पनि संक्रमित बढ्दै जानु राम्रो संकेत होइन। सोमबार एकैदिन थप ३४ सय २१ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ। १७ हजार २७२ नमूना परीक्षण गराउँदा ३४ सय २१ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घन्टामा १२ हजार २४० नमूनाको पीसीआर र ५ हजार ३२ जनामा एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो। जसमा २३ सय ९१ जनामा पीसीआरबाट र १ हजार ३० जनामा एन्टिजेन विधिबाट संक्रमण देखिएको छ। यस्तै पछिल्लो २४ घन्टामा थप १६ सय ८६ जना कोरोनामुक्त भएका छन्। यो सहित नेपालमा कोरोनाबाट मुक्त हुनेको संख्या ६ लाख ४५ हजार ३०१ पुगेको छ। निको हुने दर ९४.५ प्रतिशत छ। नेपालमा निको हुने दरमा सुधार आउन सकेको छैन। सरकारको ध्यान कोरोना नियन्त्रण जान नसकेको पछिल्ला गतिविधिले देखाएका छन्।सरकार बाहिर हुँदा उठाएका मुद्दा सरकारमा जाँदा बेवास्ता गर्नु विडम्बना हो।

कोरोनाको दोस्रो लहर आउँदा अस्पतालमा अक्सिजन नहुँदा धेरैले ज्यान गुमाउनुपरेको थियो। आसियु,भेन्टीलेटर र आइसोलेसन वार्ड नहुँदाको अवस्था पार गरेर आएको भए पनि सहज स्थिति हुने वितिक्कै जोहो नगर्ने नेपाली प्रवृत्ति हो। तेस्रो लहर आउनु अघि नै जनस्वास्थ्यविदहरुले सतर्कता अपनाउन सुझाव दिएका छन्। सरकारले प्रत्येक प्रदेशमा कम्तीमा एक हजार अक्सिजन सिलिन्डर भरेर राख्न निर्देशन दिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना संक्रमणको तेस्रो लहर आउनसक्ने भन्दै प्रत्येक प्रदेशलाई कम्तीमा हजार अक्सिजन सिलिन्डर भरेर राख्न निर्देशन दिएको छ।

जनस्वास्थ्यका मापदण्डको पालना र निषेधाज्ञाका बावजुद कोभिड-१९ को संक्रमण दरमा कमी आएको देखिँदैन। विगतका दिनमा जस्तै संक्रमणको दर तिव्र रुपमा बढ्न गई कोभिड-१९ को पुनः अर्को लहर नआउला भन्न सकिँदैन। अतः भविस्यमा आउन सक्ने सम्भावित चुनौतीलाई सामना गर्न कम्तिमा एक हजारवटा अक्सिजनका सिलिन्डर भरी तयारी अवस्थामा प्रदेश आपूर्ति केन्द्रमा मौज्दात राख्न निर्देशान गरेको छ। मौजुदा सिलिन्डरहरु पनि खाली नाराख्नु हुन र अक्सिजन पीएसए प्लान्ट, अक्सिजन ट्यांक तथा अक्सिजन कन्सन्ट्रेटरहरु चालु र चुस्त अवस्थामा राख्न पनि निर्देशन दिएको छ। संक्रमण बढ्नु अगावै दिएको निर्देशन अनुसार अनुगमन पनि हुनुपर्छ।

# आफ्नै पाठ्यक्रम बनाउँदै बागलुङ नगरपालिका

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ साउन**

बागलुङ नगरपालिकाले स्थानीय पाठ्यक्रम बनाउने तयारी गरेको छ। नगरशिक्षा शाखाले चालू शैक्षिक वर्षभित्रै पाठ्यक्रम बनाएर लागू गर्नेगरी तयारी थालेको नगरशिक्षा अधिकारी धनप्रसाद पोखरेलले बताउनुभयो।

नेपालको संविधानले स्थानीय पालिकालाई प्राथमिक तहको पाठ्यक्रम बनाएर आवश्यकताअनुसार लागू गर्ने अधिकार दिएको छ। उक्त अधिकार भए पनि लामो समयसम्म अभ्यास भएको थिएन। शिक्षा ऐन बनेको धेरै समयपछिनगरपालिकाले पाठ्यक्रमको मस्यौदा निर्माण समिति बनाएको छ। समितिको संयोजकमा नगरशिक्षा अधिकारी पोखरेल रहनुभएको छ। उहाँको संयोजकत्वमा गठित समितिमा सिगाना मावि तित्याङका प्रअ गोपालकुमार शर्मा, पूर्वअरपी उमानाथ शर्मा, जनताधन माविका प्रअ कुमार पौडेल, पूर्वप्रअ टीकाराम सापकोटा, कालिका कन्या माविका शिक्षक हुमा रिजाल र संस्थागत विद्यालयका प्रतिनिधिका रुपमा महेशचन्द्र प्रधान रहनुभएको छ।

यो समितिले कक्षा ३ सम्मको पाठ्यक्रम बनाएर लागू गर्ने योजना बनाएको छ। आइतबार बसेको समितिको बैठकले आगामी भदौ १५ गतेसम्म पाठ्यक्रम तयार पार्ने निर्णय गरेको पोखरेलले जानकारी दिनुभयो। "हामीले कम्तीमा भदौ १५ गतेसम्म मस्यौदा बनाइसक्ने र शैक्षिकसत्रभरिमा पाठ्यक्रम बनाएर पुस्तकसमेत छाप्ने योजनामा छौँ", पोखरेलले भन्नुभयो, "यो पाठ्यक्रम आएपछि नगरपालिकको मौलिकपना पनि बढ्ने छ।" पाठ्यक्रममा नगरभित्रका धार्मिक क्षेत्र, ऐतिहासिक पक्ष, जनजीवन, भाषा र संस्कृति, भूगोल तथा कृषि क्षेत्र पनि समावेश गरिने बताइएको छ। यसअघि तमानखोलाले आफ्नो पाठ्यक्रम बनाइसकेको छ।

# गाउँपसेको चितुवा खोरमा

**पोखरापत्र संवाददाता**
**बलेवा, ११ साउन**

बागलुङ नगरपालिका-१४ नारायणस्थानका स्थानीयवासीले चितुवा नियन्त्रणमा लिएका छन्। स्थानीय भक्तबहादुर सुनुवारले कुखुराको सुरक्षाका लागि निर्माण पासोमा परेर आइतबार चितुवा नियन्त्रणमा आएको हो। केही दिनयता गाउँमा चितुवा पसेर दर्जनौँ कुखुरा र बाख्रा खाएपछि पासो बनाएर थापेको उहाँले बताउनुभयो।

फलामको बाकसमा तारजाली लगाएर बनाइएको सो पासोमा चितुवा फसेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए। "बिहानै मलाई पनि खबर आयो, इलाका प्रहरी कार्यालयमार्फत, वन कार्यालयमा सूचना गर्यौं" वडाध्यक्ष चक्रबहादुर खत्री भन्नुहुन्छ, "डिभिजन वन कार्यालयको टोलीले पनि चितुवाको व्यवस्थापन गर्न सकेन थप प्रयास भइरहेको छ।"

वयस्क चितुवा निकै चलाख देखिएकाले प्रविधिबिना व्यवस्थापन कठिन रहेको डिभिजन वन अधिकृत मुकुन्दप्रसाद अधिकारीले बताउनुभयो। नियन्त्रणमा लिइएको चितुवालाई जङ्गलमा छोड् नुपर्ने भएकाले पासोबाट निकालेर अर्को खोरमा राख्न समस्या भएको हो। चितुवा हेर्नेको भीड लागेको छ।

# अवैध सम्बन्धले गर्भ बसेपछि भ्रूण हत्या

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ साउन**

"विगत तीन वर्षदेखि श्रीमान् विदेशमा छन्। देवर सधैँ घरमा आइरहन्थे। मदिराले लठ्ठ भएकाले बेला के-के भयो के के", आफ्नै पेटमा हुर्किरहेको चार महिनाको गर्भपतन गरी टालोमा बेरेर घर छेउको बारीमा गाडेपछि उनले जेठानीसँग भनेकी थिइन् "लुकाउन पर्ने भएकाले लुकाएकी हुँ।"

बागलुङको जैमिनी नगरपालिका-१० राङ्खानीकी २६ वर्षीया महिलाले गर्भपतन गराएर गाडेको बच्चाको विषयमा खोजी भयो। प्रहरीले सोधपुछ गर्ने क्रममा बाबुको विषयमा बताएपछि उनले जेठानीसँग भनेकोजस्तै आफ्नै देवर नाता लाग्ने व्यक्ति पक्राउ परे। देवर भाउजूको अवैध सम्बन्धबाट गर्भ रहेकाले समाजमा मुख देखाउन कठिन हुने भन्दै उनले गर्भपतन गराएर गाडेको अनुमान प्रहरीको छ।

"दुई पटकसम्म शारीरिक सम्बन्ध भएको हो, बाँकी के-के भयो थाहा भएन", प्रहरीसँगको बयानमा पक्राउ परेका देवरले भनेका छन्, "सहमतिकै कुरा हो, जबर्जस्ती गरेको होइन।" यही प्रमाणका आधारमा प्रहरीले भ्रूण हत्या गरिएको आरोपमा जैमिनी-१० राङ्खानीकी ती महिला र उनको देवर नाता पर्ने ३१ वर्षीय पुरुषविरुद्ध मुद्दा दर्ता गरेको छ। यही साउन ३ गते ती महिलाको घरदेखि केही पर भ्रूण हत्या गरेर गाडेको भेटिएको थियो। उनीहरू दुवैविरुद्धमा भ्रूण हत्याको मुद्दा दर्ता भएको छ।

पुरुषजस्तो देखिने भ्रूणलाई रातो टालोमा बेरेर माटोमुनि गाडिएको अवस्थामा फेला पारिएको प्रहरी उपरीक्षक कृष्णबहादुर पल्लीमगरले बताउनुभयो। "दुवैले कमजोरी स्वीकार गरेकाले मुद्दा दर्ता भएको छ", पल्लीमगरले भन्नुभयो, "अनुसन्धान बाँकी छ, हामी प्रक्रियामै छौँ।" पक्राउ परेका दुवैलाई म्याद थप गरी थुनामा राखिएको छ। पक्राउ परेकामध्ये भाउजूका पाँच वर्षकी छोरी र तीन वर्षका छोरा छन्। देवरका १२ र दुई वर्षका दुई छोरी छन्। दुवै जना विवाहित हुँदाहुँदै अवैध सम्बन्ध राखेकै कारण घटना भएको पल्लीमगर बताउनुहुन्छ।

"लामो समय श्रीमान् विदेशमा रहेकाले देवर नाता पर्ने भाउजूको घरमा आउजाउका कारण नाजायज सम्बन्ध रहेको पाइयो", पल्लीमगरले भन्नुभयो।

उनीहरूको सम्बन्धको विषयमा पहिलेदेखिनै शङ्का गरेका परिवारका सदस्य र गाउँलेले पछ्याउँदा उनले अवैध गर्भपतन गरेर गाडेको अवस्थामा फेला परेको थियो।

# तीन दिन देशका अधिकांश स्थानमा वर्षा हुने

**रासस**
**काठमाडौं, ११ साउन**

मनसुनी वायुको प्रभावले आगामी तीन दिन देशका अधिकांश स्थानमा वर्षा हुने भएको छ।

सोमबारदेखि विस्तारै न्यूनचापीय रेखा नेपालको तराई भू-भाग नजिक आउने देखिएकाले धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षा हुनाका साथै केही स्थानमा भारी वर्षाको सम्भावना रहेको मौसमविद् गङ्गा नगरकोटीले जानकारी दिनुभयो।

उहाँका अनुसार सो प्रणालीका कारण आज सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा भारी वर्षा, मङ्गलबार राति प्रदेश नं १, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ। साथै प्रदेश नं १ र बागमती प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको बताइएको छ। बुधबार देशैभर धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भई केही स्थानमा भारी /धेरै भारी वर्षाको सम्भावना रहेकाले मौसम पूर्वानुमान महाशाखाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ। हाल देशभर सामान्यदेखि पूर्ण बदली रही गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही तथा अन्य प्रदेशका थोरै स्थानका हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार सोमबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम २२ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम ३१ दशमलव पाँच डिग्री सेल्सियस छ। त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १७ दशमलव पाँच डिग्री र सबै भन्दा धेरै धनगढीको अधिकतम तापक्रम ३४ दशमलव दुई डिग्री सेल्सियस रहेको छ।

# मोटरेबल पुल प्रयोगविहीन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ११ साउन**

जिल्लाको अन्नपूर्ण गाउँपालिका-५ शिखस्थित स्वाँतखोलामा निर्माण भएको मोटरेबल पुलको पहुँचमार्ग पहिरोले बगाएको छ। करिब डेढ सय मिटर सडक पहिरोले बगाएपछि रु दुई करोडभन्दा बढी खर्चेर दुई वर्षअघि निर्माण भएको मोटरेबल पुल प्रयोगविहीन बनेको छ।

शिखदेखि स्वाँत, किन्दु जोड्ने सडक अवरुद्ध भएको स्थानीयवासी लोकबहादुर पुर्जाले बताउनुभयो। "जोखिम मोलेर खोलामा जङ्घार तरेर आवतजावत गर्नुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो, "आलुलगायत कृषिउपज निकासी, खाद्यान्न र निर्माण सामग्री आयात ठप्प भएको छ।" शिख, किन्दु, स्वाँत, पाउद्वारका ३०० भन्दा बढी घरधुरी प्रभावित भएका छन्।

तत्कालीन जिल्ला प्राविधिक कार्यालयले विसं २०७३ मा शुरु गरेको ३० मिटर लामो यो पुलको निर्माणलाई विसं २०७६ मा प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास कार्यालयले पूर्णता दिएको थियो। स्वच्छन्द-गौचन जेभीले रु दुई करोड २५ लाखमा यो पुल निर्माणका लागि ठेक्का लिएको थियो। लक्ष्यभन्दा दुई वर्ष ढिला गरी निर्माण सकिएको पुल दुई वर्ष पनि प्रयोग गर्न नपाउँदै पहुँचमार्ग बगाएपछि स्थानीयवासी चिन्तित भएका छन्। पुलको अभावमा शिखदेखि स्वाँत र किन्दु जाने आउने सवारी साधन खोलाबाटै वारपार गर्नुपर्ने बाध्यता छ। खोलामा बाढी आउँदा स्थानीयवासीलाई आवातजावत र ढुवानीमा समस्या भएको छ। हालै स्वाँताखोलामा आएको बाढीले शिखतर्फबाट पुलसम्म पुग्ने सडक जगदेखिनै बगाएको थियो। निरन्तर पहिरो खसिरहने भएकाले पैदल हिँडेर आवतजावत गर्न पनि जोखिम र कठिनाइ भएको छ। बर्खा सकिएपछि पहिरो नियन्त्रण र वैकल्पिक सडक निर्माणको पहल गरिने शिखका कार्यवाहक वडाध्यक्ष राजेश तिलिजालेले बताउनुभयो।

# सागका विजेता खेलाडी सम्मानित

**रासस**
**काठमाडौं, ११ साउन**

नेपालमा आयोजना भएको १३औं दक्षिण एशियाली खेलकूद (साग)अन्तर्गत एथ्लेटिक्स खेलका पदक विजेता खेलाडी सोमबार नगदसहित सम्मानित हुनुभएको छ।

नेपाल एथलेटिक्स सङ्घद्वारा सोमबार आयोजित कार्यक्रममा एथ्लेटिक्सका आठ पदकधारी तथा खेलाडी सम्मानित हुनुभएको हो। १३औं सागअन्तर्गत एथ्लेटिक्समा नेपालले तीन स्वर्णसहित कूल आठ पदक जितेको थियो।

सागमा सन्तोषी श्रेष्ठ, गोपीचन्द्र पार्की र किरणसिंह बोगटीले नेपाललाई स्वर्णपदक दिलाउनुभएको थियो। सन्तोषीले १० हजार मिटर, गोपीचन्द्रीले पाँच हजार मिटर र किरणले म्याराथनमा स्वर्ण जित्नुभएको थियो।

महिलाको म्याराथनमा पुष्पा भण्डारीले रजत जित्नुभएको थियो। त्यस्तै सोमबहादुर कुमालले आठ सय मिटर, टङ्क कार्कीले १५ सय मिटर, हरिकुमार रिमालले पाँच हजार मिटर र दीपक अधिकारीले १० हजार मिटरमा कास्य पदक जित्नुभएको थियो।

कार्यक्रममा स्वर्ण विजेता खेलाडीले जनही रु एक-एक लाख प्राप्त गर्नुभयो। त्यस्तै रजत पदक विजेता खेलाडीले रु ३५ हजार पाउँदा कास्य पदक विजेताले रु २० हजार प्राप्त गर्नुभयो। पदक विजेता खेलाडीलाई एथलेटिक्स सङ्घका अध्यक्ष राजिवविक्रम शाहलगायतले पुरस्कार प्रदान गर्नुभयो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : शत्रुको भय | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस्।


# टोकियो ओलम्पिक : छ स्वर्णसहित चीन शीर्ष स्थानमा कायमै

**रासस**
**काठमाडौं, ११ साउन**

जापानको राजधानी टोकियोमा जारी ३२ औं ग्रीष्मकालीन ओलम्पिक खेलकुदमा चीन पदक तालिकाको शीर्ष स्थानमा कायमै रहेको छ। चीनले हालसम्म छ स्वर्ण, एक रजत र चार कास्यसहित ११ पदक प्राप्त गरेको छ।

प्रतियोगिताका जापान दोस्रो तथा अमेरिका तेस्रो स्थानमा रहेका छन्। जापानले हालसम्म पाँच स्वर्ण र एक रजत तथा अमेरिकाले चार स्वर्ण, दुई रजत र चार कास्य प्रदक प्राप्त गरेको छ। यस्तै दुई स्वर्ण र तीन कास्यसहित कोरिया चौथो तथा एक स्वर्ण, चार रजत र दुई कास्य पदक प्राप्त गर्दै रसियन ओलम्पिक कमिटी पदक तालिकाको पाँचौं स्थानमा रहेको छ। यसैगरी इटाली, अस्ट्रेलिया, फ्रान्स, हङ्गेरी, ट्युनिसिया, अस्ट्रिया, इक्वेडर, इरान, कोसोभो, नर्वे, थाइल्याण्ड र उज्बेकिस्तानले एक एक स्वर्ण जितेका छन्। टोकियो ओलम्पिकमा सहभागी २०५ देशमध्ये हालसम्म ४२ देशले पदक प्राप्त गर्न सफल भएका छन्।

नेपालबाट चार खेलमा पाँच खेलाडी टोकियो ओलम्पिकमा सहभागी भएका छन्। तीमध्ये सुटिङकी कल्पना परियार र जुडोकी सोनिया भट्टले खेलिसक्नुभएको छ। दुवै जना पराजित भइसक्नुभएको छ। परियारले महिला १० मिटर एयर राइफलमा तथा भट्टले महिला ४८ किलो तौल समूहमा प्रतिस्पर्धा गर्नुभएको थियो।

टोकियो ओलम्पिकमा अब पौडीका गौरिका सिंह र एलेक्स शाह तथा एथलेटिक्सकी सरस्वती चौधरीले प्रतिस्पर्धा गर्न बाँकी छ। सिंहले महिला १०० मिटर फ्रि स्टाइल, शाहले पुरुष १०० मिटर फ्रि स्टाइल तथा चौधरीले महिला १०० मिटर दौडमा प्रतिस्पर्धा गर्नुहुनेछ। शाहले मङ्गलबार, सिंहले बुधबार तथा चौधरीले शुक्रबार आ-आफ्नो खेलमा प्रतिस्पर्धा गर्नुहुनेछ।

# तेस्रो लहर असोज १५ गतेदेखि

**रासस**
**काठमाडौं, ११ साउन**

मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखाका प्रमुख डा. गुणराज लोहनीले आउँदो असोज १५ गतेदेखि संक्रमणको तेस्रो लहर आउने प्रक्षेपण रहेको बताए।

उनले अहिलेको निषेधाज्ञा खुकुलो र जनस्वास्थ्य मापदण्डलाई प्रभावकारी रुपमा लागू नगरिएकाले आउँदो असोज १५ गतेदेखि संक्रमणको तेस्रो लहर आउने बताए।

तेस्रो लहर संक्रामक र बालबालिकालाई बढी असर गर्ने उनको भनाइ छ। उनका अनुसार आगामी पाँच महिनामा एक लाख ९३ हजार ८५६ नयाँ संक्रमित थपिने अनुमान गरिएको छ। यसअघि मन्त्रालयले संक्रमणको तेस्रो लहर आउने भन्दै सचेत रहन निर्देशन समेत दिइसकेको छ।


# हार्दिक आभार

पोखरा ९ दरवारथोक मार्गमा रहेको गण्डकी प्रदेशको लोकप्रिय विज्ञापन एजेन्सी **दरबारथोक एड्भरटाइजिङ एजेन्सी**ले आफ्नो स्थापनाको **छैटौ वर्ष सफलता पूर्वक पुरा गरी ७ औं वर्ष प्रवेश**को उपलक्ष्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सेवा गर्ने अवसर प्रदान गरि हौसला प्रदान गर्नुहुने सम्पूर्ण विज्ञापनदाता, शुभचिन्तक महानुभाव तथा मिडिया हाउस सञ्चालकज्युहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**कृष्ण रानाभाट**
तथा
**दरबारथोक एड्भरटाइजिङ एजेन्सी परिवार**
न्युरोड, पोखरा

# ‘कृषि प्रधान देशमा : खोइ कृषि ऐन ?’

– नारायण न्यौपाने
काठमाडौं, ११ साउन (रासस)

विद्यालयको प्राथमिक तहदेखि नै बालबालिकालाई अध्ययन मात्र होइन, घोकाएर कण्ठ गर्न लगाइने पाठ्यक्रमको महत्वपूर्ण वाक्य हो, ‘नेपाल कृषि प्रधान देश हो ।’ मुलुकका ६५ प्रतिशतभन्दा बढी जनता कृषि पेशामा संलग्न छन् । हाम्रो मुलुकको अर्थतन्त्रको मुख्य आधार कृषि नै हो । कृषि र कृषकका नाममा राज्यको ढुकुटीबाट अर्बौं रकम रित्तिन्छ तर विडम्बना आजसम्म मुलुकमा ‘कृषि ऐन’ नै बनेको छैन । ती सबै अनुदान वितरण कार्य निर्देशिकाकै भरमा हुँदै आएको छ । राष्ट्रियसभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको आइतबार बसेको बैठकमा सभापति रामनारायण विडारीले भन्नुभन्नुभयो, “कृषिप्रधान मुलुकमा आजसम्म कृषि ऐन छैन भन्दा अचम्म लाग्न सक्छ तर वास्तविकता यही हो, अहिलेसम्म कृषि ऐन नै रहेनछ ।” बैठकमा बोलाइएका कृषि तथा पशुपक्षी विकास सचिव र मन्त्रालयका पदाधिकारीलाई समितिले एक वर्षअघि नै ऐन बनाएर मात्र काम गर्नुस्, निर्देशिकाको भरमा राज्यकोषबाट खर्च गरिनुहुन्न भनेर निर्देशन दिएको स्मरण गराउँदै सभापति विडारीले भन्नुभयो, “त्यतिबेलै ऐन बनाउँदै छौं, अब छिट्टै बन्छ भनेको हैन, अहिलेसम्म खै त ?” मन्त्री र सचिवको नेतृत्वले मुलुकमा कृषि क्षेत्रको विकास र विस्तारका नाममा आफन्तलाई अनुदान दिन मिल्ने गरी वर्षौंदेखि वार्षिकरूपमा अर्बौं रकम निर्देशिकाकै भरमा दिने गरिएको खुलासा भएको हो । निर्देशिकामार्फत होइन, ऐन बनाएर काम गर्न निर्देशन दिएको एक वर्षपछि ‘कृषि ऐन’ प्रगतिबारे जानकारी लिन समितिले मन्त्रालय नेतृत्वलाई बोलाएर जिज्ञासा राख्दा भर्खर कानून मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भएको र मस्यौदाकै चरणमा रहेको सुनेपछि सांसदहरू छक्क पर्नुभएको थियो ।

बैठकमा सभापति विडारीले भन्नुभयो, “सजिलो के भएको छ भने, वर्षमा एकचोटि आयो मस्यौदा भा’छ भन्यो, अर्को पटक कानूनमा पठा’छ भन्यो, अर्को पटक कानूनबाट फर्केर आ’छ भन्यो, भन्दा सधैं यस्तै मात्र हुने भो, हाम्रो मूल प्रश्न के हो भने राज्यको ढुकुटीबाट खर्च गर्ने पैसा मन्त्री वा सचिवले निर्देशिका बनाएर ‘लवाइखवाईमा’ खर्च गर्न पाइन्छ ? सही हो हाम्रो संवैधानिक व्यवस्था भन्ने हाम्रो जिज्ञासा ?”

समितिले यस विषयमा मन्त्रालयको पटक-पटक ध्यानाकर्षण र सचेत हुन भन्दै निर्देशन गरेको स्मरण गराउँदै बैठकमा सदस्यहरूले भन्नुभयो, “फेरि कानूनलाई अन्तिम रूप दिन धेरै समय लगाउनु होला, यो गलत भो, बाहिर के भनिन्छ भने नक्कली किसानलाई धेरै अनुदान वितरण हुन्छ, मन्त्रीका मान्छेलाई धेरै अनुदान पर्छ, साँच्चिकै किसानले पाउँदैनन् । यो व्यक्ति विशेषले नभई प्रणालीमै देखिएको समस्या हो, मुलुकमा विकास नभएका कारणमध्ये एक यो प्रवृत्ति पनि हो ।”

बैठकमा कृषि तथा पशुपक्षी मन्त्रालयका सचिव कृष्ण आचार्यले भने धेरै वर्षदेखि ऐनका लागि प्रयास भए पनि हालसम्म सफल हुन नसकेको जानकारी दिनुभएको थियो । ‘कृषि ऐन’ नभएकै कारण मलको पनि गुणस्तर निर्धारण गरी त्यसका आधारमा खरिद गर्ने र अनुदान दिने भन्ने कानूनी स्पष्ट नीति पनि नरहेको जानकारी दिइएको थियो । कृषि मलसम्बन्धी विषय पनि निर्देशिकाकै आधारमा चलेको देखिएको छ । बजेटमार्फत सरकारले रासायनिक मलमा प्रदान गरिने अनुदानलाई वृद्धि गरी आगामी वर्षका लागि रु १२ अर्ब पुर्‍याएको छ । सरकारले जैविक विषादी कारखाना स्थापना गर्न निजी क्षेत्रलाई ५० प्रतिशतसम्म पूँजीगत अनुदान उपलब्ध गराउने घोषणा गरेको छ । कृषि ऐनको मस्यौदा नेपाल कानून आयोगबाट मन्त्रालयमा आइपुगेकाले सरोकारलावासँग छिटो छलफल र सल्लाह गरेर विधेयकका रूपमा सदनमा दर्ता गर्न मन्त्रालयलाई समितिले निर्देशन दिएको समिति सचिव सुदर्शन खड्काले जानकारी दिनुभयो ।

संसद्लाई मात्र होइन, मन्त्रालयले आफ्नो हितका लागि बनाउने भएकाले निर्देशिका कहीँ कतै देखाउन र पारित गर्न पर्दैन । निर्देशिकाको प्रयोग मुलुकमा ठीक ढङ्गबाट हुन नसकेकाले रोक्न जरुरी भएको समितिको सुझाव छ । कृषि ऐन नभएकाले निर्देशिका पनि अर्कै (सुशासन) ऐनको सहायतामा निर्माण हुँदैआएको छ । समितिले तदारुकताका साथ कृषि ऐनलाई बनाउन मन्त्रालयलाई निर्देशन दिएको छ । कृषिमा आधारित उद्यम तथा मूल्य शृङ्खला विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्न रु सात अर्ब ६० करोड छुट्याएको छ । यी सबै सहुलियत निर्देशिकाकै आधारमा वितरण गर्ने व्यवस्था छ ।

यसैबीच सरकारले केही वर्षअघिसम्म कृषि क्षेत्रमा वैदेशिक लगानी नहुने भनी ऐनमै लेखे पनि पछिल्लो समय लगानी भएका उद्योगबाट उत्पादित वस्तु ७० प्रतिशत विदेश निर्यात गर्ने प्रावधान राखेर संशोधन गरेपछि नेपाल डेरी सङ्घलगायतले गम्भीर असहमति जनाउँदै त्यो व्यवस्थाले स्वदेशी उद्योगलाई धराशायी तुल्याउने चेतावनी दिँदै आएका छन् । सरकारको यसमा लुकेको स्वार्थ के हो भनी समितिमा प्रश्न उठाइएको थियो । संसद्ले पारित गरेको ऐनको मनसाय र सरकारका नीति तथा कार्यक्रमविपरीत रहेकाले उद्योग वाणिज्य महासङ्घ र कृषि मन्त्रालयको नेतृत्वसँग छिट्टै थप छलफल गर्ने समितिले निर्णय गरेको छ ।

# अग्लो ढुङ्गाले तान्यो पर्यटक

–कृष्ण न्यौपाने
दमौली, ११ साउन (रासस)



सामाजिक सञ्जाल र सञ्चारमाध्यमबाट प्रचारको प्रभाव कति छ भन्ने तनहुँको मानुङकोटले प्रमाणित गरिसक्यो । केहीवर्ष अगाडिसम्म सुनसान रहने मानुङकोटमा गतवर्ष पर्यटकको चहलपहल ह्वात्तै बढ्यो । एकैदिन १० हजार भन्दा बढी मानुङकोटको डाँडा उक्लिए । मानुङकोट पहिला पनि थियो, तर प्रचारको कमीले ओझेलमा परेको थियो ।

पछिल्लो समय सामाजिक सञ्जालको प्रभावका कारण धेरै ठाउँ पर्यटकीय गन्तव्यका रुपमा विकास हुन थालेको छ । त्यसैको पछिल्लो उदाहरण हो भिमाद नगरपालिका-९ मोहोरियास्थित अग्लो ढुङ्गा । अग्लो ढुङ्गा सिङ्गारेर उद्यान बनाइएपछि आन्तरिक पर्यटकको चहलपहल बढेको छ ।

दमौलीबाट त्यस ठाउँसम्म घुम्न पुगेका रोहित श्रेष्ठले उद्यान निकै आकर्षक लागेको बताउनुभयो । “सामाजिक सञ्जालमा तस्वीर आएपछि त्यस ठाउँसम्म पुग्ने इच्छा लागेको थियो, त्यहाँ पुग्दा निकै आकर्षक लाग्यो”, उहाँले भन्नुभयो । ‘घाङ्च ल्हुम’ भनेको मगर भाषामा अग्लो ढुङ्गा हो । मोहोरियाको जङ्गलमा अग्ला ढुङ्गा परापूर्व कालदेखि नै थिए । झट्ट हेर्दा आकर्षक देखिने चुच्चे अग्ला ढुङ्गा ढुङ्गामै सीमित थिए । अहिले तिनै ढुङ्गालाई सिङ्गारेर उद्यान बनाइएको छ । जङ्गलमा बेवारिसे ढुङ्गा सिङ्गारिएका र चिटिक्कको पार्क बन्ला भन्ने कल्पनासमेत नभएको वडा सदस्यसमेत रहेका स्थानीयवासी बाबुराम रानाले बताउनुभयो । “जङ्गलको बीचमा थियो, पहिला पहिला जङ्गल फाँडेर देखिने बनायौं, अहिले उद्यान बनेको छ, यस्तो राम्रो उद्यान बन्ला भनेर कसैले चिताएका थिएनौं”, उहाँले भन्नुभयो । गण्डकी प्रदेशका पूर्वअर्थमन्त्री किरण गुरुङको पहलमा यस ठाउँमा उद्यान बनेको हो । गुरुङकै वडामा पर्ने यस ठाउँमा बेवारिसे अवस्थामा रहेको ढुङ्गालाई सिङ्गारेर उद्यान बनाइएको हो । कार्यक्रमका सिलसिलामा पटकपटक गाउँ आउँदा गुरुङले यस ठाउँलाई पर्यटकीय गन्तव्य बनाउने सोच बनाउनुभएको थियो ।

प्रदेश सरकारको रु २० लाखको लगानीमा उद्यान निर्माण गरिएको छ । उद्यान निर्माणका लागि स्थानीयवासीले दश प्रतिशत लागत सहभागिता बेहोरेका छन् । ढुङ्गा सिङ्गारेर उद्यान बनाइएपछि आन्तरिक पर्यटकको चहलपहल शुरु भएको वडाध्यक्ष इमानबहादुर थापाले जानकारी दिनुभयो । “सामाजिक सञ्जाल, सञ्चारमाध्यममा यस ठाउँको तस्वीर प्रकाशन भएपछि आन्तरिक पर्यटक तानिएका छन्”, उहाँले भन्नुभयो, “जिल्लाका विभिन्न ठाउँबाट आउने क्रम शुरु भएको छ ।” उद्यानमा चराको गुँड पनि बनाइएको छ । ढुङ्गाको खोपिल्टोमा चराचुरुङ्गीले पानी पिउन मिल्ने गरी सानो पोखरी र चराको चुच्चोबाट पानीको फोहरा झार्ने संरचना निर्माण गरिएको छ । घाङ्च ल्हुम आसपास ढुङ्गाले चिनेर चिटिक्क पारिएको डिभिजन वन कार्यालयका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो । यहाँ पैदल मार्ग बनाइएको छ भने चराचुरुङ्गी आकर्षित गर्न चेरीको बिरुवा रोपिएको छ ।

अग्ला चुच्चे ढुङ्गालाई सिङ्गारेर बनाइएको उद्यानले पर्यटकलाई लोभ्याएको उहाँले बताउनुभयो । “प्राकृतिक हिसाबले ढुङ्गा आफैमा आर्कषक थियो, यसलाई व्यवस्थित गर्दै उद्यान बनाएका छौ”, उहाँले भन्नुभयो । उद्यानलाई सही उपयोग गर्नेसके स्थानीयवासीको आयआर्जनको स्रोत बन्न सक्ने उहाँले सुझाव दिनुभयो । “यहाँको बस्ती पिछडिएको छ, पहिले त स्थानीय उत्पादन बढाउन आवश्यक छ, उद्यानलाई पर्यटनको गन्तव्य बनाउने र आउने पर्यटकलाई स्थानीय उत्पादन बेच्ने वातावरण बनेमा रोजगारीसँगै आत्मानिर्भर बन्न सघाउछ”, काफ्लेले भन्नुभयो । यही वडामा रहेको चमेरो गुफा संरक्षणका लागि कार्यालयले चमेरा अवलोकन विन्दु बनाएको छ । चमेरा हेर्नलाई गुफाभित्र पस्ने प्रवृत्तिले प्रभाव पारेको थियो । चमेरा लोप हुन नदिनलाई गुफाभित्रै पस्न नमिल्ने तर अवलोकन गर्न मिल्नेगरी संरचना बनाइएको छ । सो गुफाबाट मोहोरियाको घाङ्च ल्हुम जोड्नलाई रेलिङसहितको सिँढी बनाइएको छ ।

गतवर्ष विनियोजित रु २० लाख बजेटले ४०० मिटर रेलिङसहितको सिँढी र चमेरा अवलोकन विन्दु निर्माण गरिएको हो । प्रसिद्ध चार तले धन्धुर सिद्ध गुफासँगै रहेको चमेरो गुफादेखि मोहोरियासम्म पदमार्ग बनाउन थालेको वडाध्यक्ष थापाले जानकारी दिनुभयो । निकट भविष्यमै सिद्धगुफा, चमेरेगुफा, मोहोरियाका घाङ्चलुह्म, पाइमीको दृश्यावलोकन स्तम्भ, इलुङ झरना हुँदै पाथर्दी सामुदायिक होम स्टेलाई जोडेर फूलको बगानसहितको पदमार्ग बनाउने योजना रहेको उहाँले बताउनुभयो ।

“एक दिने पदयात्राका लागि यी गन्तव्य उपयुक्त छन्”, उहाँले भन्नुभयो, “पूर्वाधार थप र प्रवर्द्धनमा अब हाम्रो ध्यान हुनेछ ।” पाथर्दी गाउँ बोयर बाख्राको पकेट क्षेत्र हो । वडावासीको जीवनस्तर पर्यटन, कृषि र पशुपालनबाट उकास्ने ध्येयमा रहको वडाध्यक्ष थापाले बताउनुभयो ।

# अझै गति लिएन औद्योगिक ग्राम निर्माणले

–रामबहादुर थापा
बागलुङ, ११ साउन (रासस)

स्थानीय स्रोत, सीप र प्रबिधिको प्रयोगबाट उद्यमशीलता विकास गर्न यहाँ निर्माण थालिएका दुई औद्योगिक ग्रामले गति लिन सकेका छैनन् ।

‘एक स्थानीय तह, एक औद्योगिक ग्राम’ को राष्ट्रिय लक्ष्यअनुरुप बागलुङ नगरपालिका र ताराखोला गाउँपालिकामा विसं २०७६ पुसदेखि ग्राम निर्माणको प्रक्रिया अघि बढेको थियो । जग्गा व्यवस्थापन भएको डेढ वर्ष बितिसक्दा पनि पूर्वाधार बनाउने काम अझै शुरुआत हुन सकेको छैन । ताराखोला-१ भुस्कातमा बन्ने सो ग्रामको गत मङ्सिरमा गण्डकी प्रदेशका तत्कालिन उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालले शिलान्यास गर्नुभएको थियो ।

बागलुङ-१३ कालाखोलामा बन्ने ग्रामको त शिलान्याससमेत भएको छैन । दुवै स्थानीयतहले कोभिड-१९ ले सिर्जित विषम स्थिति र निर्माण कम्पनीको ढिलासुस्ती जस्ता कारणले काममा ढिलाइ भएको जवाफ दिएका छन् । यही गतिको कामले वर्ष दिनभित्र पूर्वाधार खडा गरेर ग्राम सञ्चालनमा ल्याउने योजना पूरा हुने छाँटकाट देखिन्न । ताराखोलाका अध्यक्ष प्रकाश घर्तीले घेराबार, प्रवेशद्वार निर्माण र जग्गा ‘प्लटिङ’को काम सकिएको जानकारी दिनुभयो । “खानेपानी, विद्युत् आपूर्ति र भवनलगायतका संरचना निर्माणलाई अब तीब्रता दिन्छौं”, उहाँले भन्नुभयो, “यस वर्षका अन्त्यसम्ममा लगानीकर्तालाई उद्योग सञ्चालनका लागि आव्हान गर्न सकिने स्थिति बन्छ ।”

यसका लागि शुरुको वर्ष उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दुवै स्थानीय तहलाई रु. ९२ लाखका दरले बजेट दिएको थियो । यसपछि प्रदेश सरकालरले पनि थप रु. ३० लाख बजेट उपलब्ध गराएको छ । ताराखोलाले आफ्नै कोषबाट थप रु. ३० लाख थपेको छ । बजेट अनुसार खर्च र कामको प्रगति नभएको बागलुङ नगरपालिकाका वरिष्ठ योजना अधिकृत युक्तप्रसाद सुवेदीले बताउनुभयो । “अहिलेसम्म जग्गा व्यवस्थापन र पर्खाल लगाउने मात्र काम भएको छ, अब यस वर्ष कामले अलि गति लिन्छ”, उहाँले भन्नुभयो । ग्रामका लागि सो नगरपालिकाले ८५ रोपनी जग्गा व्यवस्थापन गरेको छ । जग्गा अपुग भए किनेरै भएपनि थप्ने योजनामा नगरपालिका छ । मन्त्रालयले पहाडी क्षेत्रमा औद्योगिक पूर्वाधार निर्माणका लागि कम्तीमा सय रोपनी जग्गाको मापदण्ड तोकेको छ । सोही अनुसार व्यवस्थापन गरिएको जग्गाको प्रारम्भिक सम्भाव्यता अध्ययनपछि प्रदेश सरकारको सिफारिसमा सङ्घ सरकारले ती पालिकामा ग्रामका लागि अनुमति दिएको थियो । यसपछि दुवै स्थानीय तहले उद्योग मन्त्रालयसँग सम्झौता गरेर निर्माणलाई अघि बढाएका थिए । विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बनाएर पूर्वाधार निर्माणमा लागेको भएपनि कोरोनाले कामलाई प्रभावित पारेको अध्यक्ष घर्तीले बताउनुभयो ।

यस वर्ष कामको प्रगति मुल्याङ्कन गरी मन्त्रालयले थप बजेट दिने नीति बनाएको उहाँको भनाइ छ । एउटा औद्योगिक ग्राममा रु २० देखि २५ करोडसम्मका पूर्वाधार निर्माण हुने जनाइएको छ । यसमा सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारको लागत साझेदारी रहनेछ । ताराखोलाको एक सय ३८ रोपनी क्षेत्रफलमा निर्माण हुने ग्राममा दश उद्योग चलाउने योजनासहित पूर्वाधार तयार गर्न लागिएको हो । स्थानीय पहिचानका रुपमा चिनिने ‘स्लेट ढुङ्गा’, नेपाली हाते कागज, पेय पदार्थ, जडिबुटी तथा कृषि र पशुजन्य उत्पादनमा आधारित उद्योग सञ्चालन गर्ने गाउँपालिकाको योजना छ ।

स्थानीय साधन, स्रोतको उपयोगसँगै रोजगारी सिर्जना र आर्थिक समृद्धिमा औद्योगिक ग्रामले टेवा पुर्‍याउने विश्वास लिइएको छ । कृषि, पशुपालन, खनिज र वनजन्य उत्पादनका हिसाबले अग्रणी मानिने ताराखोलामा ग्राम बन्ने भएपछि स्थानीयवासी उत्साहित छन् । “गाउँकै उत्पादन र कच्चा पदार्थमा आधारित उद्योग खोल्नुपर्छ”, स्थानीयवासी बिर्बलाल घर्तीमगरले भन्नुभयो, “व्यापार गतिविधि बढ्ने, रोजगार सिर्जना हुने र गाउँपालिकालाई नै सबल बनाउने भएकाले यसलाई छिटो सञ्चालनमा ल्याउनुपर्छ ।”

सदरमुकाम रहेको नगरपालिकाले पनि औद्योगिक ग्राम निर्माणलाई तीब्रता दिएर छिटो सञ्चालनमा ल्याउनसक्दा समग्र जिल्लाकै आर्थिक उत्थानमा योगदान पुग्ने देखिन्छ । प्रदेश सरकारले दुई वर्षअघि औद्योगिक ग्रामका लागि जग्गा खोजी गर्न जिल्लाका सबै स्थानीय तहलाई अनुरोध गरेको थियो ।

अन्य स्थानीय तहले समयमै जग्गा व्यवस्थापन गर्न नसक्दा ग्रामका लागि छनोटमा पर्न सकेनन् । यसका लागि स्थानीय तहले जग्गा उपलब्ध गराउनुपर्ने प्रावधान छ । सङ्घ र प्रदेश सरकार दुवैको नीति र कार्यक्रममा सबै स्थानीय तहमा ग्राम बनाउने उल्लेख छ । स्थानीय तहले जग्गाको जोहो गरेपछि सङ्घ र प्रदेश सरकारले औद्योगिक पूर्वाधार निर्माणका लागि लगानी गर्छन् । ग्राममा खानेपानी, बिजुली, ढल निकास, घेरावार, प्रवेशद्वार, प्रर्दशनी, बिक्री र भण्डारण कक्षलगायत भौतिक पूर्वाधार निर्माण गरिनेछ । निजी क्षेत्रलगायत अन्य सरोकार भएका पक्षसँगको समन्वय र सहकार्यमा ग्राम सञ्चालनमा ल्याइनेछ ।बागलुङसँगै गण्डकीका पर्वत, कास्की, स्याङ्जा, लमजुङ, गोरखा र तनहुँमा गरी ११ स्थानमा औद्योगिक ग्राम निर्माणको काम अगाडि बढाइएको छ । यस्तै प्रदेश अन्तर्गत नवलपुरको कावासोती र कास्कीको भोटेपोखरीमा औद्योगित क्षेत्र निर्माण गरिने भएको छ । औद्यागिक ग्राममा साना तथा मझौला उद्योग रहनेछन् भने औद्योगिक क्षेत्रमा ठूलो लगानीका उद्योग स्थापना गरिनेछ ।

# बुद्ध एयरका दुई जहाजको आकस्मिक अवतरण

रासस
काठमाडौं, ११ साउन

उडिरहेका बुद्ध एयरका दुई जहाज काठमाडौंस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आकस्मिक अवतरण गरिएको छ ।

काठमाडौं-धनगडी उडानमा रहेको बुद्ध एयरको जहाजको हाइड्रोलिकमा समस्या आएपछि काठमाडौंमै आकस्मिक अवतरण गरिएको कम्पनीले जनाएको छ । उडिरहेको जहाजमा प्राविधिक समस्या आएपछि आकस्मिक अवतरण गरिएको बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले बताउनुभयो । उहाँका अनुसार जहाजमा सवार ६८ यात्रुको काठमाडौंमा सकुशल अवतरण गराई अर्को जहाजमार्फत यात्रुलाई गन्तव्यमा पुर्‍याइएको छ ।

यस्तै कम्पनीको अर्को काठमाडौं-नेपालगञ्ज गन्तव्यका लागि उडेको जहाजमा पनि एक यात्रु बेहोस भएपछि काठमाडौं अवतरण गरी अस्पताल लगिएको कम्पनीले जनाएको छ । जहाजको यकिन समस्या इन्जिनीयरले गर्ने प्राविधिक परीक्षणपश्चात् बाहिर आउने र प्राविधिक प्रतिवेदनका आधारमा मात्रै जहाज उडानमा लगिने कम्पनीले जनाएको छ ।

विमानस्थलका अनुसार काठमाडौंबाट धनगढी उडेको बुद्ध एयरको बिएचए २५५ नम्बर उडानको एटिआर ७२ जहाजमा प्राविधिक समस्या आएपछि साँझ ६:३० बजे काठमाडौं अवतरण भएको थियो । सम्भावित दुर्घटनाको जोखिमलाई दृष्टिगत गर्दै विमानस्थलले जहाज अवतरणका क्रममा सुरक्षा संयन्त्रलाई तैनाथ राखेको थियो ।

# सुनसान शिवालय : देखिएनन् भक्तजन

पोखरापत्र संवाददाता
म्याग्दी, ११ साउन

विगतका वर्षमा साउने सोमबार म्याग्दीको गलेश्वर मन्दिरमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दथ्यो ।

बेनी शिवालयसहित जिल्लाका विभिन्न ठाउँस्थित देवालयमा पूजा गर्ने र कालीगण्डकी नदीमा स्नान गर्नेको ठेलमठेल हुन्थ्यो तर यसपालि भने त्यस्तो देखिएन । असारको पहिलो सातादेखि कम हुँदै गएको कोरोना सङ्क्रमण साउन शुरु भएदेखि पुनः बढ्न थाल्नु, किसानलाई रोपाइँको चटारो हुनु, यातायातका साधन पनि राम्रोसँग सञ्चालन हुन नसक्नु र निषेधाज्ञा कायमै रहनु जस्ता कारणले गर्दा देवालय वा शक्तिपीठमा भक्तजनको उपस्थिति नदेखिएको हो । म्याग्दीको बेनी, गलेश्वरलगायत ग्रामीण क्षेत्रका कुनै पनि शिवालय र शक्तिपीठहरुमा भक्तजन देखिएका छैनन् । दिनभर पूजाआजाका लागि भक्तजनको भीडभाड हुने यहाँका शिवालय र शक्तिपीठ अहिले सुनसान जस्तै छन् । मन्दिरमा पुजारी र मन्दिर व्यवस्थापन समितिका पदाधिकारीबाहेक अरु व्यक्तिको उपस्थिति न्यून रहेको गलेश्वर शिवालय क्षेत्र विकास कोषका कार्यालय सचिव रामबहादुर बानियाँले बताउनुभयो । सोमबारकै दिन म्याग्दीका ग्रामीण भेग र पर्वत, बागलुङ तथा पोखराबाट गाडी लिएर वा बसमा चढेर पूजाआजाका लागि गलेश्वरमा आउने भक्तजनका कारण यहाँका मन्दिर नजिकका पर्यटकीय क्षेत्र भरिभराउ हुन्थे । बजारको व्यापार र होटल तथा यातायात व्यवसाय पनि चलायमान हुन्थ्यो । महिला हातभरी हरिया चुरा तथा उस्तै रङका पहिरनमा सजिएर बजारमा डुल्ने गर्दथे । बजारमा हरिया चुरा र पूजा सामग्रीको अत्याधिक व्यापार हुन्थ्यो तर गत वर्ष र यस वर्षको दोस्रो सोमबारसम्म बजारमा पनि त्यस्तो कुनै रौनक नदेखिएको स्थानीय व्यवसायी पार्वती घिमिरेले बताउनुभयो । कोरोना महामारीले शैक्षिक, आर्थिक, सामाजिक विकासलगायत अन्य धेरै क्षेत्रमा झैं धार्मिक र सांस्कृतिक क्षेत्रमा पनि गम्भीर असर पारेको बेनी शिवालय क्षेत्र विकास समितिका सुन्दरकुमार केसीले बताउनुभयो । उहाँले भन्नुभयो, ‘मन्दिर तथा शक्तिपीठ प्रचारप्रसारले मात्रै नभएर भक्तजनको उपस्थितिले सञ्चालन हुने हुन् । जति धेरै मानिसले मन्दिरमा पूजाआजा र दर्शन गर्छन्, त्यति नै बढी मन्दिर तथा देवालयहरुको महत्व बढ्दै जान्छ । तर पोहोर साल र यस वर्ष कोरोना महामारीका कारण मन्दिरहरु पनि सुनसान नै बने ।’

# लमजुङ निजी आवास पुनःनिर्माणको काम ७५ प्रतिशत सम्पन्न

पोखरापत्र संवाददाता
लमजुङ, ११ साउन

आठ स्थानीय तह रहेको लमजुङमा निजी आवास पुनःनिर्माणको काम करिब ७१ प्रतिशत सम्पन्न भएको छ ।

नेपालमा भूकम्प गएको छ वर्षपछि दश हजार ३९४ निजी आवास पुनःनिर्माण सम्पन्न भएको हो । यो कूल लाभग्राहीमध्ये ७० दशमलव ९३ प्रतिशत रहेको छ । जिल्लामा १४ हजार ६५२ निजी आवास पुनःनिर्माण गर्ने लाभग्राही रहेको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) लमजुङले जनाएको छ । विसं २०७२ वैशाख १२ गते गएको भूकम्पले क्षतिग्रस्त १४ हजार ६५२ मध्ये १० हजार ३९४ घर लाभग्राहीले पुनःनिर्माणको काम सम्पन्न गरेर तेस्रो किस्तासमेत लिएको जनाइएको छ ।

पुनःनिर्माण प्राधिकरण जिल्ला कार्यान्वयन एकाइ लमजुङका सम्पर्क व्यक्ति विनय दवाडीका अनुसार कूल लाभग्राहीमध्ये १४ हजार ३२ जनाले पहिलो किस्ता र ११ हजार ८९८ जनाले दोस्रो किस्ता लिएका छन् ।

‘दोस्रो किस्ता बुझ्ने अधिकांश लाभग्राहीले आफ्नो घर पुनःनिर्माणको काम सम्पन्न गरिसकेका छन’, उनले भन्नुभयो, ‘पुनःनिर्माणको काम सकेका लाभग्राहीलाई तेस्रो किस्तासमेत दिएको छ ।’